# मिति २०८१ साल असोज १८ गतेको कार्यपालिका बैठकका छलफल तथा निर्णयहरुः

**निर्णय नं. १ शुभकामना आदान प्रदान सम्बन्धमाः-** नेपालीहरुको महान चाड वडादशैं २०८१ को पावन अवसरमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं समृद्धिको कामना सहित देश विदेशमा रहनु हुने सम्पूर्ण महानुभावमा शुभकामना आदान प्रदान गरियो ।

**निर्णय नं. २ समिक्षा सम्बन्धमाः-** कार्यपालिकाको २०८१/०५/०९ गतेका केही निर्णय कार्यान्वयन भएको र केही निर्णयहरु कार्यान्वयनको रचणमा रहेको व्यहोरा छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं. ३ हुलाक कार्यालयलाई कोठा उपलब्ध गराउने सम्बन्धमाः-** नेपाल सरकारको एक गाउँपालिका एक हुलाक कार्यालयको अवधारणा अनुसार यस गाउँपालिकामा कार्यालय स्थापना गर्न जिल्ला हुलाक कार्यालय नुवाकोटको पत्र समेत प्राप्त भएको हुँदा गाउँपालिकाको कृषि उपज संकलन केन्द्रको भवनमा बढिमा २ (दुई) वटा कोठा हुलाक कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ विद्युतिय हाजिर व्यवस्थापन सम्बन्धमाः-** यस शिवपुरी गाउँपालिकाको कार्यालय, विषयगत शाखा, स्वास्थ्य चौकी, वडा कार्यालय, शिवपुरी आधारभूत अस्पताल, स्वास्थ्य इकाइ जस्ता कार्यालयमा विद्युतिय हाजिरी (E-Attendance) को व्यवस्था हाल सम्म नरहेको, महालेखा परिक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को अन्तिम लेखापरिक्षण गर्न खटिएका टोलिबाट आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, हालको प्रविधि युक्त समयमा पनि हस्तलिखित हाजिरी व्यवस्था रहेकोले विद्युतिय हाजिरीको शुरुवात गर्नु हुन भनि सुझाव प्राप्त भएको साथै कार्यपालिका सदस्यज्यूहरुबाट पनि उक्त विषयमा चासो व्यक्त गरि विद्युतिय हाजिरी प्रचलनमा ल्याउनुपर्ने भन्ने भनाई रहेको हुँदा समय सापेक्ष विद्युतिय हाजिरीको व्यवस्था गर्नु पर्ने भएकोले कार्यालयको वार्षिक विनियोजित बजेटबाट खर्च लेख्ने गरी गाउँपालिकाको कार्यालय, ८ वटै वडा कार्यालय, ८ वटै स्वास्थ्य चौकी, २ वटै स्वास्थ्य इकाइ, र शिवपुरी आधारभूत अस्पतालमा प्रचलित ऐन नियमको परिधी भित्र रहि विद्युतिय हाजिरी व्यवस्थापन गर्न कार्यलयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ५ LISA को प्राप्त नतिजा सम्बन्धमाः-** यस शिवपुरी गाउँपालिकाबाट आ.व. २०७९/०८० मा सम्पादन गरेको कार्यको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा ६१.२५ (एकसठ्ठी दशमलव दुई पाँच) अङ्क प्राप्त गरेको देखियो । यसरी हेर्दा

CamScanner

सो अङ्क अति न्यून रहेको र कार्य सम्पादन कमजोर रहेको हुँदा सो अङ्क भन्दा बढी अङ्क प्राप्त गर्नेगरी सूचकमा आधारित रहेर तोकिएको समयमै कार्य सम्पादन गर्ने, साथै अन्य तयार गर्नुपर्ने कागजात समेत तयार गर्नेगरी काम गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६ चाडपर्व लक्षित बाटो सरसफाई सम्बन्धमा:-** नेपालीहरुको महान चाड शुरुवात भै सकेको साथै यस शिवपुरी गाउँपालिका ग्रामिण क्षेत्र समेत भएको कारणले वर्षातको समयमा बिग्रे भत्केका सहायक मोटरबाटो अविलम्व गाउँपालिकामा सम्झौता गरेर मात्र मर्मत सम्भार कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७ सडकको क्षेत्राधिकार (Right of Way) सम्बन्धमा:-** गाउँपालिका क्षेत्र भित्र पर्ने राष्ट्रिय राजमार्ग बाहेक अन्य शाखा सडकको सडकको क्षेत्राधिकार (Right of Way) का सम्बन्धमा प्रचलित अवस्था र व्यवस्थाको समेत अध्ययन गरि प्रतिवेदन तयार पारी आगामी कार्यपालिका वैठकमा पेश गर्नका लागि पूर्वाधार विकास तथा वातावरण शाखालाई जिम्मा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८ स्थानीय सरकार लेख्ने सम्बन्धमा:-** नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार भन्ने व्यवस्था गरेकोमा सोही बमोजिम शिवपुरी गाउँपालिकाले कार्यालय, शाखा, वडा कार्यालय, स्वास्थ्य चौकी, स्वास्थ्य इकाइ, आधारभूत अस्पताल लगायतका सम्पूर्ण संरचनामा र कार्यालयको Letter Head, Stamp लगायत सवैमा स्थानीय सरकार लेखि स्थानीय सरकारको अनुभूति दिने गरी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ निर्देशिका/कार्यविधि पास गर्ने सम्बन्धमा:-** कार्यालयबाट प्रवाह गरिने सेवा, सञ्चालन गरिने योजना तथा कार्यक्रम, उपलब्ध गराइने सेवा लगायतका विषय सहजिकरण र सरलिकरणका लागि आवश्यक निम्म कागजात पास गर्ने निर्णय गरियो।

<u>निम्न</u>

| क्र.सं. | कागजातको नाम |
|---|---|
| १ | खानेपानीको मुहान दर्ता विधान |
| २ | सूचना तथा अभिलेख केन्द्र स्थापना, २०८१ |
| ३ | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१ |
| ४ | जग्गा प्लटिङ कार्यविधि, २०८१ |

CamScanner

| | |
|---|---|
| ५ | समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ६ | जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८१ |
| ७ | अनुदान व्यवस्थापन कार्यविधि, २०८१ |

**निर्णय नं. १० बेरोजगारको सूची प्रकाशन सम्बन्धमाः-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयको रोजगार सेवा केन्द्रबाट सञ्चालन गरिने योजनामा सहभागी हुन पाउने बेरोजगारहरुको विवरण निम्नानुसार प्रकाशन गर्ने निर्णय गरियो । बेरोजगारहरुको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

**निर्णय नं. ११ विविधः**

**(क) गत आर्थिक वर्षको योजनाको भुक्तानी सम्बन्धमाः-** गत वर्ष कार्य सम्पन्न भई कार्यालयको भुक्तानी प्रणालीमा समस्या आई भुक्तानी हुन बाँकी तपसिल बमोजिमका योजना तथा कार्यक्रमको रकम प्राविधिक मूल्याङ्कको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | योजना/भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|
| १ | श्री वच्छला आ.वि. जाली वाल निर्माण वडा नं. ५ | १००००० |
| २ | श्री रामायण छाप मा.वि. छात्रवास मर्मत वडा नं. २ | ४५०००० |
| ३ | सल्ले टोल खानेपानी योजना वडा नं. ३ | २००००० |
| ४ | लामा खोला मुहान गरी आगे विर्ता फाट सिंचाई | २००००० |
| ५ | बुढिसेरा रचनडाँडा सडक मर्मत | ८०००० |
| ६ | चम्बोल चौतारा हयाङटोल बोल्दे नेवार टोल सडक | ५००००० |
| ७ | परिवर्तनका निम्ति सहकार्य नेपाललाई अपाङ सम्बन्धी कार्यहरु एवम डिजिटल प्रोफाइल तयारी | ५००००० |
| ८ | विभिन्न किसिमका छपाई (गोसाईकुण्ड प्रिन्टर्स) | १४६१०९ |
| ९ | सभाहल कार्यपालिका हल व्यवस्थापन (प्यासेफिक फर्निचर्स) | १२६०६८ |
| १० | ईलेक्टोनिक्स सामाग्रीहरु (फाईन मल्टिपर्पोज कम्पनी प्रा.लि.) | ९०२३० |
| ११ | एम्बुलेन्स मर्मत (गौरिशंकर अटो वर्कशप) | ६२९९१ |
| १२ | सिक्रे स्वास्थ्य चौकी व्यवस्थापन | १४७००० |
| १३ | उपचार तथा आर्थिक सहायता रकम (केशव बहादुर गुनी) | १५००० |
| | जम्मा | २६१७३९८ |

**(ख) बिल भुक्तानी सम्बन्धमाः-** गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयबाट कार्यक्रम सञ्चान गर्ने क्रममा चिया, खाजा, खाना

CamScanner

व्यवस्था गर्दा वडा कार्यालय वा गाउँपालिकामा दर्ता तथा नवीकरण गरेका फर्म, पसल सँग मात्र गर्न गराउन वडा कार्यालय लगायतका कार्यालयलाई जानकारी गराउने र दर्तावाला फर्म, पसलबाट करोबार नगरि अन्य फर्म पसलबाट करोबार गरेको बिलको भुक्तानी नगर्ने नगराउने निर्णय गरियो ।

**(ग) बार्षिक कार्ययोजना पास सम्बन्धमाः-** कार्यालयको लागि तयार भएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजन पास गर्ने निर्णय गरियो ।

**(घ) भेटेरिनरी डाक्टर भर्ना सम्बन्धमाः-** कार्यालयको लागि प्राप्त शसर्त बजेट खर्च शिर्षक अन्तर्गत १ जना भेटेरिनरी डाक्टर भर्ना प्रक्रिया अगाडी बढाई विज्ञापन गरिएकोमा अनुभवि एवं पर्याप्त निवेदन नपरेकाले उम्मेदवारको उमेर हद ४५ वर्ष कायम गरि पुनः ७ (सात) दिनको सूचना प्रकाशन गरि प्रक्रिया अगाडी बढाउने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो।

**(ङ) प्राविधिक कर्मचारी सम्बन्धमाः-** गाउँपालिकाको वडा नं. १ मा कृषि तर्फको प्राविधिक कर्मचारीको अभावमा कृषकहरु मर्कामा परेको गुनासो आएकोले अर्को व्यवस्था नहुन्जेल सम्मको लागि १ जना कर्मचारी वैकल्पिक व्यवस्था गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिइयो ।

**(च) योजना सम्झौता सम्बन्धमाः-** कार्यालयबाट सञ्चालन गरिने योजना सम्बन्धित वडा कार्यालयमा नै गई सम्झौता गर्ने भन्ने मिति २०८१/०५/०९ गतेको कार्यपालिकाको निर्णय अनुसार वडा अध्यक्षज्यूहरु एक आपसमा छलफल एवं मिति र समय तय गरी सोहि बमोजिम सम्झौता र बैंक खाता खोल्ने कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(छ) बाटो सरसफाईको रकम भुक्तानी सम्बन्धमाः-** गाउँपालिकाको वडा नं. ५ मा वर्षातको कारण बाढि पहिरोले सडकमा ठूलो क्षति पुगेकोले तत्काल बाटो सरसफाई गरी सुचारु गर्दा लागेको खर्च रु. ६२,८६१।- (वैसट्ठी हजार आठ सय एकसट्ठी रुपैयाँ मात्र।) भुक्तानी गर्ने निर्णय गरियो ।

**(ज) जग्गा सट्टा पट्टा सम्बन्धमाः-** शिवपुरी गाउँपालिका वडा नं. ४ स्थित स्याउरी भूमे माध्यामिक विद्यालयले च.नं. १६९, मिति २०८१/०१/३१, प.सं. २०८०/०८१ को पत्रबाट तपसिलका व्यक्तिहरुको जग्गा विद्यालयको हाता भित्र परेको र विद्यालयको नाममा रहेको जग्गा विभिन्न व्यक्तिहरुले भोगचलन गर्दै आएको हुँदा उक्त जग्गाहरु सट्टा पट्टा गर्नको लागि सिफारिस गरि दिन

अनुरोध भै आएकोले जग्गा सट्टा पट्टा गरि दिनका लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

## तपसिल

व्यक्तिको नामबाट विद्यालयको नाममा सट्टा गर्नु पर्ने जग्गा
(विद्यालयको हाताभित्र रहेको)

| क्र.स. | हालको जग्गा धनीको नाम | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | स्व. बुद्धिमान तामाङ (हकवाला दुर्गा बहादुर तामाङ, श्याम बहादुर तामाङ र कुमार तामाङ) | ४ | ११ | ३-१३-१-१ |
| | | ४ | १११६ | ०-६-३-२ |
| २ | कामी तामाङ | ४ | १११४ | २-६-०-० |
| ३ | विमल तामाङ | ४ | १११७ | १-०-०-१ |
| ४ | छिरिङ तामाङ | ४ | १११८ | ०-८-०-३ |

विद्यालयको नामबाट व्यक्तिको नाममा सट्टा गर्नु पर्ने जग्गा
(व्यक्तिको भोगचलनमा रहेको)

| क्र.स. | भोगचलन गरि रहेको व्यक्तिको नाम | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | स्व. बुद्धिमान तामाङ (हकवाला दुर्गा बहादुर तामाङ, श्याम बहादुर तामाङ र कुमार तामाङ) | ४ | ११०९ | १-०-०-० |
| | | ४ | १२ | ०-७-१-२ |
| | | ४ | १११५ | २-१-२-० |
| २ | विमल तामाङ | ४ | १११९ | २-०-०-० |
| ३ | कामी तामाङ | ४ | १११३ | १-११-२-० |
| ४ | विमल तामाङ | ४ | ११११ | ०-५-०-० |

CamScanner